भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति : २०८१/०८/१७

नगर कार्यपालिकाको ३५औं बैठकको एजेन्डा

१) गत बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२) कभर्ड हल उद्घाटन कार्यक्रमको समीक्षा सम्वन्धमा

३) आगामी हिउदे नगर सभाको मिति तोक्ने सम्वन्धमा ।

४) नगर प्रहरी ऐन, २०८० पहिलो संशोधन २०८१ प्रस्ताव स्वीकृत गरी आगामी नगरसभामा पेश गर्ने सम्वन्धमा ।

५) सामी परियोजनाका लागि कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धमा ।

६) रिक्त सूचना प्रविधि अधिकृत पदपूर्ति गर्ने सम्वन्धमा ।

७) आयोजना/कार्यक्रम रकमान्तर/शिर्षकान्तर सम्वन्धमा ।

८) भीमेश्वर रङ्गशाला सम्वन्धमा ।

क) अन्तिम भुक्तानी सम्वन्धमा ।

ख) रंगशालाको सटर भाडामा लगाउने सम्वन्धमा ।

ग) ३ नं. वडा कार्यालय भवन रंगशालाको सटरमा व्यवस्थापन गर्ने सम्वन्धमा ।

९) १५ सैयाको चरिकोट अस्पताल भवनको रकम भुक्तानी सम्वन्धमा ।

१०) यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको स्वेच्छिक अवकाश प्रोत्साहन रकम सम्वन्धमा ।

११) विविध विषयहरु :

क) भीनपा ७ स्थित थेप्चे पण्डित टोलमा अवस्थित देविथानको मन्दिर पुनर्निर्माणका लागि बजेट माग

ख) भीनपा ५ स्थित अनाथालय - महांकाल सडक खण्डको भष्मेमा ग्राभेल बिछ्याउने कार्यका लागि बजेट माग ।

ग) बहुउदेश्यीय उत्पीडित उत्थान विकास मन्च, चरिकोट, दोलखाले दलित प्रोत्साहन तथा सीप विकास कार्यक्रम सन्चालनका लागि प्रस्ताव पत्र पेश सम्वन्धमा ।

घ) भीनपा ७ साखिने स्थित राधाकृष्ण मन्दिर अगाडि रहेको ढुंगेधारा निर्माणका बजेट माग ।

ङ) कुतकुते गोरेटो बाटो तथा नाला निर्माणका लागि रु ५,००,०००/- माग सम्वन्धमा ।

च) भीनपा ७ निवासी मिन कुमार चर्मकारको घर आगोलागी भई सहयोग माग ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति : २०८१/०८/१७

निर्णय नं. १ : यस नगरपालिकाको गत महिना बसेको नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

निर्णय नं. २ : यस नगरपालिकाद्धारा निर्माण गरिएको भीमेश्वर कभर्ड हल बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा (तामांग) द्वारा मिति २०८१/०८/०८ गते उद्घाटन भएको कार्यक्रमको समीक्षा गरियो ।

निर्णय नं. ३ : स्थानीय तहको निर्वाचन, २०७९ पछिको छैटौ नगर सभाको बैठक मिति २०८१ साल पौष महिनाको अन्तिम हप्तामा आव्हान गर्ने निर्णय गरियो ।

निर्णय न ४ : यस नगरपलिकाको नगर प्रहरी सन्चालन तथा व्यवस्थापन ऐन, २०८० को आवश्यक संशोधन गर्नुपर्ने देखिएकोले समयसापेक्ष संशोधन प्रस्ताव आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय न ५ : बैदेशिक रोजगारमा जाने नागरिकहरुको हक हित संरक्षण गर्न सुरक्षित आप्रावासन परियोजना (सामी) कार्यान्वयनका लागि यस कार्यालयमा कार्यरत तपसिलको कर्मचारीहरुलाई कार्यालयको काममा असर नपर्ने गरी खटाउने निर्णय गरियो ।

१) आप्रवासी स्रोत केन्द्र परमर्शकर्ता (सहायक पाँचौ) श्री रवि बस्नेत र मनिल दाहाल मध्ये १ जना

२) मनोसामाजिक परमर्शकर्ता (सहायक पाँचौ) श्री शान्ता बस्नेत, न्यायिक सहजकर्ता

निर्णय न ६ : यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत (करार) श्री रश्विन थापाले मिति २०८१ मङ्सिर १६ गतेबाट लागू हुने गरी दिनु भएको स्वेच्छिक राजिनामा स्वीकृत भएकोले रिक्त सूचना प्रविधि अधिकृतको पदपूर्तिका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं. ७ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा रहेको देहायका आयोजनाहरु संशोधनका लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर/योजना संसोधन गर्ने निर्णय गरियो ।

वडा नं. १

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २९२ | मैदाने ढुंगागाडे हुदै ओडारे सडक स्तरोन्नति | २,००,०००/ | मैदाने ढुंगागाडे हुदै ओडारे सडक निर्माण आयोजना | २,००,०००/ |
| २ | २९३ | लाकुरी चौतारा मूल सडक आरसीसी सिढी निर्माण | १,५०,०००/ | लाकुरी चौतारा मूल सडक पक्की सिढी निर्माण | २,५०,०००/ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २९४ | सिम्चा चातीपोले हुदै यार्सा सडक स्तरोन्नति | ३,००,०००/ | सिम्चा चातीपोले हुदै यार्सा सडक निर्माण | ३,००,०००/ |
| ४ | ३११ | भूमेमन्दिर घेरावार आयोजना | १,५०,०००/ | कुथली खोला देखि लाकुरी चौतारासम्म सिढी निर्माण आयोजना | १,५०,००० |
| ५ | ३१६ | विपद व्यवस्थापन तथा खानेपानी मर्मत पाईप खरिद | ४,५०,०००/- | सिपिसिआर बाटोखर्क गोरेटो बाटो निर्माण | १,००,०००/ |
| | | | | खानेपानी पाइप खरिद | १,००,०००/ |
| | | | | सुन्द्रावती सडक निर्माण | ५०,०००/ |
| | | | | विपद व्यवस्थापन | २,००,०००/- |

वडा नं. २

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३५३ | नक्छे गोरेटो बाटो निर्माण | २,००,०००/ | चाम्सली सिंहबन सडक ढलान | ४,००,०००/ |
| २ | २६८ | लागत साझेदारीमा आधारित कार्यक्रम तथा आयोजना | २,००,०००/- | | |

वडा नं. ४

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४१२ | डिही पोखरी कुवा स्तरोन्नति | २,००,००० | डोगनार भवनटार पक्की गोरेटो बाटो | २,००,००० |

वडा नं. ५

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४६० | रक्षादेवी मन्दिर निर्माण आयोजना धरमघर | १,५०,००० | किरातीछाप लिफ्ट खानेपानी आयोजना | १,५०,००० |

वडा नं. ६

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | | एकल पुरुष प्रोत्साहन | ६०,०००/ | सुत्केरी गर्भवती तथा टुहुर बालबालिका प्रोत्साहन कार्यक्रम | ३०,०००/ |
| २ | | चोथांग तामांग सांस्कृतिक संरक्षण | १,५०,०००/ | प्रधानमन्त्री रोजगार कार्यक्रम म्यचिंग | २,५०,०००/ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | धान आलु मासुजन्य उत्पादन किसान प्रोत्साहन | १,००,०००/ | | |

वडा नं. ७

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४९३ | जेष्ठ नागरिक सहायता कार्यक्रम | २,००,०००/ | सम्मान कार्यक्रम | ५९,०००/ |
| २ | ४९७ | बिदुर पुरुष सहायता कार्यक्रम | १,५०,०००/ | | |
| ३ | ५०० | विपद व्यवस्थापन | १,००,००० | घरधुरी सर्वेक्षण, २०८१ | ६०,०००/- |

वडा नं. ८

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ५३९ | गामनागी देखि चरंगे सडक बत्ती निर्माण आयोजना | ७,००,०००/ | हिले खानेपानी आयोजना | ५,००,०००/ |
| | | | | छाँयाखोलामा ह्युम पाईप राख्ने कार्य | २,००,०००/ |
| | ५३९ | ठुलोभूमेथान - सुईरे प्रतिक्षालय निर्माण आयोजना | ५,००,०००/ | कडेन खानेपानी आयोजना | २,००,०००/ |

निर्णय नं. ८ (क) : भीमेश्वर रङ्गशाला (चरिकोट) ठेका नं. BMP/NCB/WORKS/2076/77/E/21 सि.नं. २०३ को भीमेश्वर रङ्गशाला पूर्वी प्याराफिट निर्माण आयोजनामा विनियोजित रकम रु ५०,००,०००/- (पचास लाख) बाट प्राविधिक मुल्यांकन बमोजिम भुक्तानी हुन बाँकी रु २०,०३,७९३/९४ (बीस लाख तीन हजार सात सय तिरानब्बे रुपैया चौरानब्बे पैसा मात्र) मध्ये जरिवाना वापतको रकम कट्टा गरी बाँकी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

ख) भीमेश्वर रङ्गशालामा रहेको व्यावसायिक पसल कोठाहरु भाडामा लगाउन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ग) भीमेश्वर रंगशालाको पश्चिम तर्फको ब्लकमा ३ नं. वडा कार्यालय स्थानान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : भीमेश्वर नगरपालिका वडा नं, ३ स्थित १५ सैयाको चरिकोट अस्पताल भवन BMP/NCB/WORKS/2077/78/E/27 को बाँकी रकम रु १०,६८,६१६/७६ (दश लाख अठ्सठी हजार छ सय सोह्र रुपैया छयहत्तर पैसा मात्र) सि.नं. २०० को थामी संग्रहालय आयोजनामा विनियोजित रकम रु ५०,००,०००/- (पचास लाख) बाट भुक्तानी गर्ने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति : २०८१/०८/१७

निर्णय नं, १० : भीमश्वर नगरकार्यपालिको मिति २०८१/४/१२ गते बसेको बैठकको निर्णय नं. ५ अनुसार आधारभूत तथा माध्यमिक विद्यालयमा कार्यरत कम्तीमा २५ वर्ष स्थायी सेवा अवधि पूरा भएका शिक्षकहरुले स्वेच्छिक अवकाश लिन चाहेमा कम्ती २ वर्ष सेवा अवधि बाँकी रहेकाहरुको लागि २ लाख र कम्तीमा १ वर्ष सेवा अवधि बाँकी रहेकाहरुका लागि १ लाख रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय भएतापनि हालसम्म कुनै शिक्षकको पनि निवेदन प्राप्त नभएकाले देहाय बमोजिम संशोधन गरी मिति २०८१ साल पौष १५ गतेसम्म स्थायी सेवा अवधि कम्तिमा २० वर्ष पूरा भएका इच्छुक शिक्षकहरुबाट पौष मसान्तसम्म निवेदन माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | तह | अनिवार्य अवकाश हुन बाँकी अवधि | प्रोत्साहन रकम रु. |
|---|---|---|---|
| १ | आधारभूत तथा माध्यमिक विद्यालय | कम्तीमा १ वर्ष | १ लाख |
| २ | | कम्तीमा २ वर्ष | २ लाख |
| ३ | | कम्तीमा ३ वर्ष | २.५०लाख |

निर्णय नं.११ : यस नगरपालिकाको दैनिक कार्यलाई थप व्यवस्थित गरी सुशासन कायम गर्न प्रत्येक कर्मचारीले दैनिक रुपमा सम्पादन गरेको कार्य प्रगति प्रशासन शाखाबाट प्राप्त हुने फाराम भरि शाखा प्रमुख मार्फत साप्ताहिक रुपमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र प्रमुख प्रशासकीय अधिकृतले १५/१५ दिनमा नगर प्रमुख र उपप्रमुख समक्ष ब्रिफिंग गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२ : भीमेश्वर नगरपालिकाबाट निर्माण भएका महत्वपुर्ण सार्वजनिक पूर्वाधारहरुको संरक्षणका लागि कार्यविधि तयार गर्न सामाजिक विकास समितिका संयोजक श्री स्टालिन श्रेष्ठको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक श्री स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं,. २
सदस्य श्री बासु श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ५
सदस्य श्री माधव थामी, वडा अध्यक्ष, वडा नं. १
सदस्य श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत
सदस्य श्री सुरेश राउत, ईन्जिनियर

**निर्णय नं. १३** : मनसुनजन्य विपदबाट प्रभावित नगरपालिका क्षेत्रभित्रका घरहरुमा भएको क्षतिलाई सम्वोधन गर्न तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

**पूर्ण क्षति भएका घरहरु :** नगरपालिकास्तरीय विपद सम्वन्धी राहत मापदण्ड, २०७८ बमोजिम बुँदा ६.१. ङ, च र ६.५ बमोजिम गर्ने र घरको पुनर्निर्माण गर्न मनसुनजन्य विपदबाट प्रभावित निजि भवन पुनर्निर्माण कार्यविधि, २०७७ बमोजिम हुने ।

**आंशिक क्षति भएका घरहरु :** घरको प्रवलीकरण गर्न मनसुनजन्य विपदबाट प्रभावित निजि भवन पुनर्निर्माण कार्यविधि, २०७७ बमोजिम हुने र नगरपालिकाको तर्फबाट प्रवलीकरण गर्न प्राविधिक मूल्यांकन बमोजिम बढीमा रु तीस हजार ।

**अन्य क्षति भएका :** घरको आँगन र भित्ताको पुनर्निर्माणका लागि शेयर वाल, तारजाली वाल र सिमेन्ट मसलाको जोडाई भएको ढुंगाको वाललाई क्रमशः रु तीस हजार, पच्चीस हजार र बीस हजार सम्वन्धित घरधनीले निर्माण गरे पश्चात प्राविधिक मूल्यांकन, फोटो र सम्वन्धित वडाको सिफारिस बमोजिम भुक्तानी गर्ने ।

**निर्णय नं. १४ :** जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, चरिकोट, दोलखाको चालु आ.व. २०८१/०८२ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत अहालडाँडा खापा आयोजना, भीनपा ८ मा रु १०,००,०००/- (दश लाख) बिनियोजन भएकोमा उक्त आयोजना, भीनपा ९ मा मात्र रहेकोले उल्लेखित योजनाको स्थान भीनपा ९ कायम गरी कार्यान्वयन गरिदिन जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, दोलखा मार्फत खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** : मिति २०८१ मङ्सिर ७ गते बसेको यस नगरपालिका अन्तर्गत रहेको जल उपयोग व्यवस्थापन समितिको बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** : बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, धुलिखेलले मिति २०८१/०८/०७ गते प्रकाशन गरेको सूचना अनुसार सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम सन्चालन गर्न विद्यालयहरुका लागि प्रस्ताव पत्र माग भए बमोजिम यस नगरपालिका अन्तर्गत वडा नं. ४ स्थित सर्व माध्यमिक विद्यालय (कृषि प्राविधिक धार सन्चालित) मा उक्त कार्यक्रम सन्चालनका लागि यस नगरपालिकाबाट साझेदारी गर्ने प्रतिवद्धता सहित उक्त परियोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठक
मिति : २०८१/०८/१७

**निर्णय नं. १७ विविध :**

क) भीनपा ७ स्थित थेप्चे पण्डित टोलमा अवस्थित देविथानको मन्दिर पुनर्निर्माणका लागि शीर्षक नं. २६८ बाट रु १,००,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

ख) भीनपा ५ स्थित अनाथालय - महांकाल सडक खण्डको भष्मेमा ग्राभेल बिछ्याउने कार्य र तामाकोशी चर्नावती सडक का लागि शीर्षक नं. २६८ बाट प्राविधिक मूल्यांकन बमोजिम भुक्तानी गर्नका लागि रु ७०,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

ग) बहुउदेश्यीय उत्पीडित उत्थान विकास मन्च, चरिकोट, दोलखाले दलित प्रोत्साहन तथा सीप विकास कार्यक्रम सन्चालनका लागि प्रस्ताव पत्र पेश भई आएकोले उक्त कार्यक्रम सन्चालनका लागि शीर्षक नं. २६८ बाट रु ५०,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

घ) भीनपा ७ साखिने स्थित राधाकृष्ण मन्दिर अगाडि रहेको ढुंगेधारा निर्माणका लागि शीर्षक नं. २६८ बाट रु १,००,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

ङ) भीनपा ९ स्थित कुतकुते गोरेटो बाटो तथा नाला निर्माणका लागि शीर्षक नं २७२ बाट रु २,००,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

च) भीनपा ७ निवासी मिन कुमार चर्मकारको घर आगोलागी भई सहयोग माग भई आएकोले तत्काल राहतका लागि शीर्षक नं २६८ बाट रु ६०.०००/- उपलव्ध गराउने निर्णय गरियो ।

छ) सातदोवाटो सपिंग कम्प्लेक्स भाडामा लगाउन सूचना प्रकाशन गर्न सम्झौताको प्रक्रियामा रहेकोमा अलग अलग तलामा खानेपानी र बिद्युत सव-मिटर जडान गर्नुपर्ने भएकोले सि.नं. २६ बाट ~~रु~~ प्राविधिक मूल्यांकन तथा बिल भर्पाई बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण ... नगर प्रमुख